# फिदिम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
कोशी प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
च.नं.:

विषय-पौवाभञ्ज्याङ चमेना घर ठेक्का वन्दोवस्त सम्वन्धी दरभाउपत्र आह्वानको सूचना ।

दोश्रो पटक सूचना प्रकाशन मिति- २०८३/०३/३१

फिदिम नगरपालिकाको आन्तरिक आय ठेक्का आ.व. २०८३/०८४ श्रावण देखि २०८४ असार मसान्तसम्मका लागि फिदिम नगरपालिका पौवाभञ्ज्याङ स्थित चमेना घर ( **भवन तला संख्या लम्वाई ११.२८ मिटर चौडाई ९.०३ मिटर कोठा संख्या भुई तला २ कोठा पहिलो तला किचन समेत ३ कोठा दोश्रो तला ४ कोठा** ) भाडा लगाउन ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म, कम्पनी र संस्था सम्वन्धित सबैको जानकारीको लागि विद्युतिय खरिद मार्फत दरभाउपत्र आह्वानको सात दिनको सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको नाम | ठेक्काको किसिम | न्यूनतम ठेक्का अंक वार्षिक मु अ.क.बाहेक | दरभाउपत्र दस्तुर रु. | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| PM/CA/SQ/G/2082/083-03 | पूर्वाधार सेवाको उपयोग कर (पौवाभञ्ज्याङ चमेना घर) | दरभाउपत्र | १,१०,०००।- | १०००।- | कवुल अंकको कम्तीमा ३ प्रतिशत | |

१.दरभाउपत्र फाराम रु. १०००।- अक्षरेपी रु एकहजार (फिर्ता नहुने गरी ) फिदिम नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ०६७०३००००००१००१००००००१ जम्मा गरी प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म ,कम्पनी / संस्थाले दरभाउपत्र खरिद गर्ने आ.व. २०८२/०८३ सम्मको नविकरण भएको प्रमाण- **पत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण-पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।**

२. यो सूचना प्रकाशन गरिएको मितिले ८ औं दिनको १२:०० भित्र आह्वानको e-bidding मार्फत दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ र दरभाउपत्र सोही दिनको २:०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन । दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समयमा हुनेछ ।

कुमार प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

फिदिम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
कोशी प्रदेश, नेपाल

३. दरभाउपत्र फारामका साथ आफूले कबुल गरेको अंकको कम्तिमा ३ प्रतिशतले हुन आउने धरौटी रकम फिदिम नगरपालिकाको धरौटी खाना नं. ०६७०३००००३०००००००१ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकबाट फिदिम नगरपालिकाको नाममा जारी गरिएको कम्तिमा ७५ दिन मान्य अवधि भएको बैक जमानत पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र फाराम भर्दा फाराममा तोकिएको विषयहरु आफूले कवुल गरेको अंक र अक्षरमा समेत प्रष्ट लेखिएको हुनुपर्ने छ । कुनै व्यहोरा सच्चाएको ठाँउमा दरभाउपत्रदाताको दस्तखत भएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परे अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकारलाई वुझाउनु गर्ने सम्पूर्ण कर ,दस्तुर, शुल्क आदि ठेकेदार आफैले वुझाउनु पर्नेछ ।

६. यस कार्यालयबाट विगत वर्षहरुमा लगाईएको ठेक्काको रकम वुझाउन वक्यौता रहेको फर्म /कम्पनी/ संस्थाहरुको दरभाउपत्र स्वीकृत हुनेछैन ।

७. दरभाउपत्र स्वीकृत भएपछि वार्षिक कवुल रकम एकै किस्ता वा वढीमा दुई किस्तामा वुझाउनु पर्नेछ ।

८. भवनको लागि आवश्यक पर्ने पानी बिजुली इन्टरनेट र सरसफाई लगायतका सुविधाहरुको दायित्व भाडावालाले हुनेछ ।

९. चमेना गृहबाट विक्री गरिने सामानहरको मूलय बजार दर भन्दा बढी लिन पाईने छैन ।

१०. ठेक्का स्वीकृत पश्चात संझौताको लागि आफूले कवुल गरेको रकम बरावर नगदै यस कार्यालको बैंक खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा ५० प्रतिशत रकमको बैक भौचर र ५० प्रतिशत रकमको नेपाल राष्ट्र बैकबाट स्वीकृत प्राप्त बैकबाट फिदिम नगरपालिकाको नाममा जारी भएको २०८४ साल श्रावण मसान्त सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।

११. माथि उल्लेखित सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. यस सम्वन्धमा थप कुरा वुझ्न परेमा कार्यालयको मोवाईल नं. ९८५२६२३१११ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

१३. उल्लेखित ठेक्काको दररेट वीड डकुमेण्टमा संलग्न गरिएको छ ।

१४ . यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा फिदिम नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) कार्यविधि, २०७८ र नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

कुमार प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत